कार्यपालिकाबाट स्वीकृत मिति : २०७६/०१/२८
**प्रमाणिकरण मिति : २०७६/०१/२८**
**राजपत्रमा प्रकाशित मिति : २०७६/०१/२८**

# भगवतीमाई गाउँपालिका
# श्रम रोजगार बैक लाई व्यवस्थित गर्न कार्यविधि, २०७६

**पृष्ठभूमि** भगवतीमाई गाउँपालिकाका भित्र यूवाहरुका लागि रोजगारी सिर्जना गर्ने र भगवतीमाई गाउँपालिकालाई द्रुत विकासको बाटोमा अगाडी बढाउन १८ वर्ष उमेर पुरा भई ४५ वर्ष उमेर ननाघेका यूवाहरुलाई समेटी गाउँपालिका स्तरमा श्रम रोजगार बैक स्थापना गरी श्रम मार्फत गाउँपालिकाको समृद्धिको आधार सहित सामाजिक विकासका हरेक पक्षहरुमा यूवाहरुलाई परिचालन गर्न बाञ्छनिय भएकोले गाउँ कार्यपालिकाले भगवतीमाई गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन,२०७५ को दफा ३ बमोजिम यो गाउँपालिकाको श्रम रोजगार बैक (सञ्चलन तथा व्यवस्थित गर्ने) सम्बन्धी कार्यविधि, २०७६ बनाइ लागु गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम भगवतीमाइ गाउँपालिकाको श्रम रोजगार बैक (सञ्चालन तथा व्यवस्थापन गर्ने) कार्यविधि, २०७६ रहेकको छ ।

(२)यो कार्यविधि अध्यक्षबाट प्रमाणिकरण हुने बितिकै तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१)“श्रम रोजगार बैंक” भन्नाले भगवतीमाई गाउँपालिकामा स्थापना भएको रोजगार श्रम बैंकलाई जनाउने छ । यसलाई छोटकरीमा रोजगार बैंक र अंग्रेजिमा labour Employment Bank(LEB) भनिनेछ ।

(२)“सदस्य भन्नाले”भगवतीमाई गाउँपालिकामा स्थापना भएको मिति सम्म १८ वर्ष देखि ४५ वर्ष सम्मका युवाहरु परिचालानार्थ स्थापना गरेको श्रम रोजगार बैंकका सदस्यहरुलाई सम्झनुपर्छ । यस शव्दले श्रम रोजगार बैंकका अध्यक्ष र व्यवस्थापक प्राविधिक समेत लाई बूझाउने छ ।

(३)“अध्यक्ष भन्नाले”भगवतीमाई गाउँपालिकामा स्थापना भएको श्रम रोजगार बैंकका अध्यक्षलाई जनाउने छ

(४)“गाउँपालिका भन्नाले”भगवतीमाई गाउँपालिकालाई सम्झनु पर्नेछ ।

(५)“प्रमुख प्रशासकीय अधिकृत भन्नाले”भगवतीमाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(६)“कार्यपालिका भन्नाले”भगवतीमाई गाउँ कार्यपालिका लाई सम्झनुपर्नेछ ।

(७) गाउँसभा भन्नाले भगवतीमाई गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्नेछ ।

(८)अध्यक्ष भन्नाले भगवतीमाई गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(९)उपाध्यक्ष भन्नाले भगवतीमाई गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(१०) न्यायिक समिति भन्नाले भगवतीमाई गाउँपालिकाको न्यायिक समितिलाई सम्झनुपर्छ ।

(११) विकास आयोजना भन्नाले भगवतीमाई गाउँपालिकाले सञ्चालन गर्ने सालवसाली सार्वजनिक विकास आायोजनालाई सम्झनुपर्छ ।

(१२) व्यवस्थापक भन्नाले श्रम रोजगार बैंकको व्यस्थापकलाई सम्झनुपर्छ ।

(१३)मुख्य व्यवस्थापक भन्नाले श्रम रोजगार बैंकको मुख्य व्यवस्थापकलाई सम्झनुपर्छ ।

## परिच्छेद-२
## श्रम रोजगार बैक स्थापनाः

३. **श्रम रोजगार बैक स्थापनाः** (१) गाउँपालिकामा गाउँ कार्यपालिकाले तोकिएको सख्यामा १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेका युवाहरु सदस्य रहेको श्रम रोजगार बैंक स्थापना गरिनेछ । श्रम रोजगार बैकको सदस्य बन्नको लागि वडा कार्यालयले टोल तथा बस्तीमा सूचना जारी गर्नुपर्नेछ । उक्त सूचना वमोजिम अनुसूची १ को ढाँचा अनुसार योग्य उम्मेदवारले वडा कार्यालयमा निवेदन दिनु पर्नेछ । तोकिएको कोटा अनुसार वडा समितिको निर्णयमा वडा कार्यालयले सिफारिस गर्नेछ । यसमा छनोट गर्दा महिला कोटा ३३ प्रतिशत समाबेश गर्नु पर्नेछ । गाउँपालिका भरीको भर्नाको चापलाई ध्यान दिई सिफारिस मध्येबाट मापदण्डको आधारमा आवश्यकीय प्रतिस्पर्धा गराइ छनोट समितिले अन्तिम छनोट गर्नेछ । साथै थप कोटा गाउँ कार्यपालिकाको कार्यालयले व्यवस्था गरी छनोट प्रक्रियामा समावेश गरेर सदस्य भर्ना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको श्रम रोजगार बैंकमा प्राविधिक र अन्य श्रम सदस्य सहित गाउँपालिकाको सबै वडाबाट प्रतिनिधित्व हुने गरी सदस्य छनौट हुनेछन ।

(३) उपदफा (२) बमोजिमका श्रम रोजगार बैंकका सदस्यहरुले गाउँपालिकाको विकास आयोजनाहरुमा श्रम सेवा प्रदान गर्नेछन । यसका साथै गाउँपालिकालाई आवश्यक परेका बखत सबै श्रम सदस्यहरुले आवश्यकीय निःशूल्क/सःशूल्क सुरक्षा सेवा, दैविक प्रकोप तथा विपत व्यवस्थापन, सरसफाई लगायत अन्य श्रम सेवा उपलब्ध गराउनु पर्नेछ ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि श्रम रोजगार बैंकको अध्यक्ष र मुख्य व्यवस्थापक गाउँपालिका अध्यक्षले कार्यसम्पादन करार सम्झौता गरी नियूक्ति गर्नेछ र बैंकको अध्यक्ष कार्यपालिका प्रति जवाफदेही हुनुपर्नेछ ।

(५) श्रम रोजगार बैंकमा एउटा समूहमा २० जना सदस्यहरु रहनेछन । प्रत्येक समूहमा एक जना प्राविधिक र एक जना व्यवस्थापक हुनेछ । व्यवस्थापकले प्रत्येक दिनको सबै श्रम सदस्यहरुको हाजिरी राख्ने, सदस्यहरुलाई परिचालन गर्ने र गाउँपालिकामा दैनिक कामको प्रतिवेदन गर्नु साथै आवश्यकीय प्राविधिक जनशक्ति परिचालन गर्नुपर्नेछ ।

(६) श्रम रोजगार बैंकका अध्यक्ष, मुख्य व्यवस्थापक, व्यवस्थापक र प्राविधिकले गाउँपालिका अध्यक्ष समक्ष र सदस्यले श्रम रोजगार बैंकका अध्यक्ष समक्ष अनुसुचि २ बमोजिमको ढाँचामा सपथ गर्नुपर्नेछ ।

(७) श्रम रोजगार बैंकका सम्पुर्ण सदस्यहरु २ महिनाको श्रम परिक्षणकालमा रहनेछन । परिक्षणकालमा रहेका श्रम सदस्यहरुले आफ्नो पदीय दायित्व वहन नगरेमा, मदिरा सेवन गरेमा, सामाजिक विकृतिमा संलग्न भएमा र गाउँपालिकाको हित विपरितका कार्य गरेमा, समुदायको शान्ति सुरक्षमा खलल पुऱ्याएको खण्डमा श्रम रोजगार बैंकका अध्यक्षको सिफारिसमा स्वत:जिम्मेबारीबाट अलग गरिनेछ ।

४. **श्रम सदस्य हुन आवश्यक पर्ने योग्यता:** (१) दफा(३) बमोजिमको श्रम रोजगार बैंकका लागि दफा(७) को समितिले सदस्य छनोट गर्दा सामान्य लेखपढ गर्न सक्ने देखि उच्च शिक्षा हासिल गरेका शारिरिक श्रम गर्न योग्य, विविध सीप र क्षमता भएका, शारिरिक रुपमा तन्दुरुस्त, श्रम प्रति सम्मान गर्न सक्ने, महिला, दलित, जनजाति, क्षेत्र, लिंग र सकेसम्म सरकारी रोजगारीको अवसर नपाएका घरपरिवारका सदस्य तथा आर्थिक रुपमा पिछडिएका परिवारका सदस्यहरु मध्येबाट छनोट गर्नुपर्नेछ । श्रम सदस्यको अन्य योग्यता दफा(७) बमोजिमको समितिले तोके बमोजिम हुनेछ । तर अध्यक्ष हुनको लागि कम्तीमा एस.एल.सी. वा सो सरहको परिक्षा उर्त्तीण गरेको र समुह सञ्चालनमा दखल भएको हुनुपर्नेछ । मुख्य व्यवस्थापक कम्तीमा १२ कक्षा उतिर्ण गरेको र कार्यालय सञ्चालन सम्बन्धी ज्ञान भएको हुनुपर्नेछ ।

**५. अध्यक्षको काम कर्तव्य र अधिकार**: (१) श्रम रोजगार बैंकका अध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) श्रम रोजगार बैंकको प्रमुख भइ काम गर्ने ।

(ख) श्रम रोजगार बैंकको योजना र कार्ययोजना बनाउने ।

(ग) श्रम रोजगार बैंकका सदस्यको कामको नियमित अनुगमन गरी पृष्ठपोषण दिने ।

(घ) श्रम रोजगार बैंकको कामको नियमित रुपमा गाउँपालिका अध्यक्ष तथा गाउँपालिकामा अनुसूची ३ मा तोकिए वमोजिमको प्रतिवेदन बुझाउने ।

(ङ) गाउँपालिका अध्यक्षको आदेशमा गाउँपालिकाको काममा श्रम रोजगार बैंकका सदस्यहरुलाई परिचालन गर्ने ।

(च) श्रम रोजगार बैंकका सदस्यहरुलाई गाउँपालिका प्रति जिम्मेबार बनाउन उत्प्रेरित गराउने ।

(छ) गाउँ कार्यपालिका तथा गाउँपालिकाका अध्यक्षको आदेशानुसार अन्य कामहरु गर्ने ।

(ज) व्यवस्थापकले श्रम ज्याला भुक्तानीको लागि सिफारिस गर्ने ।

**६. मुख्य व्यवस्थापकको काम, कर्तव्य र अधिकार :** (१) श्रम रोजगार बैंकका मुख्य व्यवस्थापकको काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछः

(क) श्रम रोजगार बैंकको कार्यालयको प्रमुखको रुपमा काम गर्ने ।

(ख) श्रम रोजगार बैंकको योजना र कार्ययोजना बनाउन अध्यक्षलाई सहयोग गर्ने ।

(ग) श्रम रोजगार बैंकको दैनिक कार्य सञ्चालन गर्ने ।

(घ) श्रम रोजगार बैकका सम्पुर्ण सदस्यहरुको व्यक्तिगत अभिलेख राख्ने ।

(ङ) श्रम रोजगार बैंकका प्रत्येक समूहहरुको कामको अभिलेख राख्ने ।

(च) श्रम रोजगार बैंकको समूहगत हित कोषको यथार्थ अभिलेख राख्ने ।

(छ) श्रम रोजगार बैंकका सदस्यको ज्याला भुक्तानीको लागि अनुसूची ४ मा तोकिएको ढाँचामा रकम माग गरी अध्यक्ष समक्ष पेश गर्ने ।

(ज) अध्यक्षको आदेशानुसार अन्य काम गर्ने ।

**७. श्रम रोजगार बैकलाई सार्वजनिक निर्माणका कार्य छनौट गर्दा देहायका क्षेत्रहररुलाई प्रथामिकता दिई कार्य संचालन गर्नुपर्ने छ :** (१) गाउँपालिकाले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम व्यवस्था भएका सालवसाली विकास आयोजनाहरु कार्यान्वयन गर्नको लागि उपभोक्ता समिति र ठेक्कामा काम दिए जस्तै पहिलो प्राथामिकतामा राखि देहायका सार्वजनिक निर्माणका कामहरु गाउँपालिकाले श्रम रोजगार बैंक मार्फत गराउनु पर्नेछ ।

**(क) सडक निर्माण तथा मर्मत :**

- स्थानीय तहका सडकहरुको निर्माण तथा नियमित मर्मत सम्भार

- स्थानीय तह भित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र, हाटबजार, धार्मिक सांस्कृतिक तथा पर्यटकीय स्थल जोडने सडक निमार्ण तथा मर्मत संम्भार
- संघीय तथा प्रादेशिक सडकबाट गाउँ तथा वडा जोड्ने सडक निमार्ण तथा मर्मत संम्भार

**(ख) कृषि तथा सिचाई :**

- सिचाईका लागि साना सिंचाई कुलो/पोखरी निर्माण तथा हाल संचालनमा रहेका कुलो, पोखरी मर्मत संभार तथा स्तरोन्नती।
- पोखरी तथा पानीको मुल संरक्षण
- सामुहिक फलफुल खेती
- सार्वजनिक स्थलमा फलफुल बगैचा निमाण
- कृषि तथा पशुपंक्षी उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने शित भण्डार, हाटबजार, तरकारी संकलन केन्द्रको निमार्ण तथा मर्मत संम्भार

**(ग) ग्रामिण खानेपानी :**

- खानेपानीको मुल संरक्षण तथा खानेपानी आयोजनाहरुको निर्माण, विस्तार तथा मर्मत संम्भार तथा स्तरोन्नती

**(घ) स्वास्थ्य तथा सरसफाई :**

- स्वास्थ्य चौकी तथा प्रसुतीगृह भवन निर्माण तथा मर्मत संम्भार ।
- सार्वजनिक शौचालय निर्माण तथा स्तरोन्नती
- फोहर व्यबसथापन तथा सार्वजनिक स्थलहरुको सरसफाई

**(ङ ) शिक्षा :**

- विद्यालय भवन तथा विदालय परिसरमा शौचालय, खेल मैदान, बगैचा आदी पुर्वाधार निर्माण तथा मर्मत संभार ।

**(च) वन तथा जलाधार :**

- सामुदायीक वन वृक्षारोपण तथा फलफुल विरुवा रोपण तथा संरक्षण
- जलाधार संरक्षण तथा भुक्ष्य रोगथाम

- पहिरो तथा नदी नियन्त्रण
- तटबन्धन तथा नदि नियन्त्रण र साना बांध निर्माण
- सडक दायाँवायाँ वृक्षारोपण गरी हरित सडक निर्माण

**(छ) पर्यटन :**

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकिय क्षेत्रमा हुने चौतारो निर्माण
- पर्यटकीय स्थलको मर्मत संभार तथा संरक्षण

**(ज)** स्थानीय आवश्यता अनुसारका अन्य श्रम प्रदान आयोजनाहरुको निमाण कार्यहरुमा सहयोग गर्ने ।

(२) दफा (१) बमोजिम श्रम रोजगार बैंकलाई गाउँपालिकाले सार्वजनिक निर्माणका कामहरु जिम्मा दिने र परिचालन गर्ने प्रयोजनाका लागि देहाय बमोजिमको परिचालन समिति रहनेछ:

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष- सदस्य

(ग) पूर्वाधार विकास समितिको संयोजक वा प्रतिनिधि -सदस्य

(घ) आर्थिक विकास समितिको संयोजक वा प्रतिनिधि -सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(च) सामाजिक विकास समितिको संयोजक वा प्रतिनिधि -सदस्य

(छ) बन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक वा प्रतिनिधि -सदस्य

(च) प्रमुख,पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा -सदस्य सचिव

३ उपदफा (२) बमोजिमको समितिले आवश्यकता अनुसार अन्य व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ

४ उपदफा (२) बमोजिमको समितिले श्रम रोजगार बैकलाई सार्वजनिक निर्माणका कामहरु जिम्मा दिने निर्णय गरे बमोजिम र गाउँपालिकाले योजनाको लागत,परिमाण,समय सिमा र गुणस्तर तोकेर श्रम रोजगार बैकसंग पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाले अनुसूची ५ वमोजिम सम्झौता गर्नेछ ।

५ उपदफा(२) को समितिले हरेक आर्थिक वर्ष सुरु भएको पहिलो महिनाभित्र श्रम बैंक लाई बार्षिक कार्ययोजना दिनुपर्नेछ ।

**८. श्रम रोजगार बैक सदस्यले काम गरे वापत पाउने दैनिक ज्याला:** (१) श्रम सदस्यहरुले गाउँपालिकाको विकास योजनामा काम गरेवापत काम गरेको दिनको श्रम रोजगार बैंकको प्राविधिक र गाउँपालिकाको सम्बन्धीत योजना हेर्ने प्राविधिकले गरेको कामको मूल्यांकनको आधारमा स्वीकृत जिल्ला दररेट अनुसार दैनिक ज्याला सदस्यहरुलाई प्रदान गरिनेछ । बैंकका व्यवस्थापक र योजना हेर्ने प्राविधिकले क्रमश: अरु श्रम रोजगार बैंक सदस्य भन्दा  दैनिक रु.१०० र रु.५० थप ज्याला पाउनेछ ।

(२) श्रम रोजगार बैंकका अध्यक्ष र मुख्य व्यवस्थापकले गाउँपालिकाको सहायक स्तर चौथो तह कर्मचारीको सुरु तलव स्केल सरह न्यूनतम परिश्रमिक पाउने छन । बैंकको अध्यक्ष र मुख्य व्यावस्थापकको पारिश्रमिक गाउँपालिकाले विनियोजन गरेको बजेटबाट भुक्तानी गर्नुपर्नेछ ।

(३) श्रम रोजगार बैंकका सदस्यहरुको सम्रग काम मूल्यांकनको आधारमा अध्यक्षलाई रु.१०० र मुख्य व्यवस्थापकलाई रु.५० प्रतिदिन थप भत्ता उपलब्ध गराउनेछ ।  उक्त भत्ता रकम आयोजनामा विनियोजित रकमबाट भुक्तानी गर्नुपर्नेछ ।

**स्पष्टीकरण रोजगार बैंकको प्राविधिकको नियुक्ति भई नसकेको अवस्थामा गाउँपालिकाको प्राविधिकले कामको मूल्यांकन गर्नुपर्नेछ ।**

(३) उपदफा(१) बमोजिम ज्याला बापतको रकम र उपदफा(२) बमोजिमको पारिश्रमिक रकम गाउँपालिकाले प्रत्येक श्रम रोजगार बैंक सदस्यहरुको बैंक  खातामा जम्मा गरिदिनेछ ।

**९. अनुगमन तथा सुपरिवेक्षण समिति:** (१) श्रम रोजगार बैंकबाट भएको गाउँपालिकाको सार्वजनिक योजनाको लागत परिमाण समय सिमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी पृष्ठपोषण दिनको लागि निम्नानुसारको अनुगमन तथा सुपरिवेक्षण समिति रहनेछ । यस समितिले निरन्तर रुपमा श्रम रोजगार बैंकका सदस्यहरुबाट भएको काम अनुगमन मूल्यांकन हुनेछ :

(क) उपाध्यक्ष- संयोजक

(ख) अध्यक्षले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरुमध्येहरुबाट दुई जना- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) श्रम रोजगार बैकको अध्यक्ष -सदस्य

(ङ) प्रमुख, पूर्वाधार विकास तथा बातावरण व्यवस्थापन शाखा-सदस्य सचिव

**९. भर्ना सम्बन्धी व्यवस्था :**(१) श्रम रोजगार बैकका सदस्य, व्यवस्थापक तथा प्राविधिक भर्ना तथा छनौटको लागि देहायको समिति रहने छ :

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(ग) संयोजक पूर्वाधार विकास समिति - सदस्य

(घ) प्रमुख, प्रहरी चौकी बेस्तडा - सदस्य

(ङ) प्रमुख,पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा - सदस्य सचिव

(२) श्रम रोजगार बैंकका सदस्य, व्यवस्थापक तथा प्राविधिक छनोट तथा भर्नाका लागि उपदफा (१) को समितिले कार्यविधि बनाइ लागु गर्न सक्नेछ ।

## परिच्छेद- ३
## अन्य व्यवस्था

**१०. प्रशासनीक खर्च दिन सक्ने :** (१)गाउँपालिकाले श्रम रोजगार बैंकको अध्यक्ष र मुख्य व्यवस्थापकको पारिश्रमिक र थप भत्ता एवम  बैंकको दैनिक कार्य संचालन, प्रशासनीक कार्य सञ्चालनका लागि आवश्यकता अनुसार प्रशासनीक खर्च, औजार, उपकरण र लजिस्टीक सामान, सञ्चार सेवा उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम लजिस्टीक सामान तथा औजार उपकरण खरिद गर्दा सार्वजनिक खरिद नियमलाई पालना गर्नु पर्नेछ ।

**११. श्रम ज्याला भुक्तानी प्रक्रिया :** (१) श्रम रोजगार बैंकमा सहभागी श्रमिकहरुको ज्याला आयोजनाको प्राविधिक प्रतिवेदन(काम गर्नुपूर्वको अवस्थाको फोटो तथा कार्य सम्पन्न पश्चातको फोटो सहितको) को आधारमा सम्वन्धित वडा अध्यक्षको सिफारिसको आधारमा भुक्तानी दिनुपर्नेछ ।

**१२. सदस्यको विमा व्यवस्था:** गाउँपालिकाले श्रम रोजगार बैंकका सदस्यको लागि रु.१० लाखको दुर्घटना विमा गर्नु पर्ने छ । उक्त दुर्घटना विमा गर्न लाग्ने रकम आयोजनामा विनियोजन भएको बजेटबाट व्यवस्थापन गर्नुपर्नेछ ।

**१३. बचत गर्नुपर्ने:** श्रम रोजगार बैंकका प्रत्येक सदस्यले आम्दानीको १० प्रतिशत रकम अनिवार्य बचत गर्नु पर्ने छ ।

**१४. कमाण्डमा रहनु पर्ने:** (१) श्रम रोजगार बैंकका प्रत्येक सदस्य आफ्नो समुहको व्यवस्थापकको कमाण्डमा रहनु पर्ने छ । सबै सदस्यहरु बैंकका व्यवस्थापकको व्यवस्थापक,मुख्य व्यवस्थापकको र मुख्य व्यवस्थापक अध्यक्षको कमाण्डा रहनु पर्ने छ र अध्यक्षले गाउँपालिकाको अध्यक्षको कमाण्डमा रहेर काम गर्नु पर्नेछ ।

**१५. उच्च मनोबलका साथ काम गर्नु पर्ने**: गाउँपालिकाको सार्वजनिक विकास निर्माण र सुरक्षा व्यवस्थाका लागि श्रम रोजगार बैंकका प्रत्येक सदस्यले उच्च मनोवलका साथ निः स्वार्थ भावनाले काम गर्नु पर्ने छ ।

**१६. जिम्मेबारीबाट हटाउन सक्ने:** (१) रोजगार बैंकका अध्यक्ष तथा अन्य सदस्यहरुले आफ्नो पदीय दायित्व बहन नगरेमा,मदिरा सेवन गरेमा सामाजिक विकृतिमा संलग्न भएमा र गाउँपालिकाको हित बिपरित कार्य गरेमा परिचालन समितिको सिफारिसमा गाउँपालिका अध्यक्षले कुनै पनि समयमा बैंक सदस्यबाट निलम्बन गरी जिम्मेबारीबाट हटाउने छ ।

(२) उपदफा(१) बमोजिम बैंकको अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि सफाइ र स्पष्टीकरणको मौका दिइनेछ ।

(३) उपदफा(२) बमोजिम दिएको स्पष्टीकरण चित बुझ्दो नभएमा निजलाई पद बाट हटाईनेछ ।

(४) श्रम रोजगार बैंकका सदस्यलाई फौदारी अभियोग लागेमा स्वत जिम्मेबारीबाट हटाईनेछ ।

**१७. विवादको समाधान:** श्रम रोजगार बैंकका सदस्यहरु बीच विवाद उत्पन्न भएमा सामान्यतया रोजगार बैंकको समूह व्यवस्थापक र बैंकको अध्यक्ष एवंम सदस्य स्वयमले विवाद समाधान गर्नुपर्ने छ र विवादको समाधान हुन नसकेको अवस्थामा न्यायिक समितिले निर्णय लिनेछ ।

**१८ .अनिवार्य अवकास:** श्रम रोजगार बैंकका सदस्यहरुको सेवा अवधिको उमेर हद ५० वर्ष कायम रहनेछ ।

**१९ . समूहगतहित कोष:** (१) रोजगार बैंकका सदस्यहरुले सार्वजनिक कार्य गरेवापत प्राप्त मूल्यांकनको रकमा अधिकतम ज्याला भूक्तान गर्दा बढि हुन आएको रकम रोजगार बैंकको समूहगतहित कोषमा जम्मा गरिनेछ ।

(२) उपदफा(१) बमोजिमको हितकोषको रकम बैंकमा खाता खोली जम्मा गरिनेछ । हित कोषको खाता श्रम रोजगार बैंकका अध्यक्ष,मुख्य व्यवस्थापक र समुह व्यवस्पथापकको नामबाट सञ्चालन हुनेछ ।

**२०. अन्यत्र काममा खटाउन सक्ने :** आवश्यकता अनुसार परिचालन समितिको सिफारिसमा अध्यक्षको आदेशानुसार बैक अध्यक्षले श्रम रोजगार बैंकका समूहहरुलाई गाउँपालिका क्षेत्रभित्र वा गाउँपालिका क्षेत्र बाहिर गाउँपालिकाको सार्वजनिक काम बाहेक अन्य काममा सम्वन्धीत पक्षसंग काम र ज्यालाका सम्बन्धमा लिखित सम्झौता गरी श्रम गर्न खटाउनेछ ।

(२)उपदफा(२)१ अनुसार श्रम गर्न खटिएको श्रम रोजगार बैंक समूहका सदस्यहरुले यस कार्यविधि बमोजिम ज्याला सम्बन्धीत पक्षबाट उपलब्ध हुनेछ ।

**२१. मूल्यांकन तथा परिक्षण:** आवश्यकता अनुसार श्रम रोजगार बैकका सदस्यहरुको कामको मूल्यांकन र परिक्षण निरन्तर रुपमा हुनेछ । मूल्याकन तथा परिक्षण गर्दा चित्त बुझ्दो काम गरेको नपाइएमा सुधारको लागि सुझाव दिने अर्को पटकको मूल्यांकन तथा परिक्षणमा सुधार भएको नपाइमा चेतावनी दिने र सुधारको लागि सुझाव दिने । सो सुझाव पछि पनि सुधार भएको नपाईमा नसिहत दिइनेछ ।

**२२. आन्तरिक परिचालन सम्बन्धी व्यवस्था:** आन्तरिक परिचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२३. तेस्रो पक्षको संलग्नतामा बन्देज :** रोजगार बैंक मार्फत संचालन हुने कार्यक्रममा संलग्न हुने व्यक्ति बाहेक अन्य कुनै पनि तेस्रो पक्ष सहभागी भई काम लगाउन पाईने छैन ।

**२४ सडक सम्भार समुह सम्बन्धी व्यवस्था:** (१) गाउँपालिका भित्रका सबै सडकलाई मर्मत सम्भार गर्न एउटा सडक मर्मत सम्भार समूह(Road Manintanace Group-RMG) रहनेछ ।

(२) उपदफा(१) बमोजिमको सडक मर्मत सम्भार समूह(RMG) का सदस्यहरुले गाउँपालिका अन्तर्गतका सबै सडकहरुको रेखदेख र उचित मर्मत सम्भार गर्नुपर्नेछ ।

(३) उपदफा(१) बमोजिमका सडक मर्मत सम्भार समूह(RMG)का सदस्यहरुले महिना अधिकतम १५ दिन काम गरेको आधारमा दफा ७ बमोजिम श्रम रोजगार बैकका सदस्यले पाउने दैनिक ज्याला सरह ज्याला पाउने छन ।

(४) सडक मर्मत सम्भार समूह(RMG) को अन्य काम कर्तव्य र अधिकार गाउँपालिका अध्यक्षले तोके बमोजिम हुनेछ ।

**२५ बाधा अडकाउ फुकाउ:** श्रम रोजगार बैक सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा बाधा अडकाउ पर्न गएमा गाउँ कार्यपालिकाले बाधा अडकाउ फुकाउका लागि आदेश जारी गर्न सक्नेछ ।

# अनुसुचि १
# भगवतीमाई गाउँपालिका
# श्रम रोजगार बैक
# बेस्तडा, दैलेख

## सदस्यता आवेदन फाराम

मितिः ..............

श्रीमान अध्यक्ष ज्यू
भगवतीमाइ गाउँपालिका,
बेस्तडा, दैलेख ।

**विषयः आवेदन गरिएको बारे ।**

महोदय,

प्रस्तुत विषयमा यस भगवतीमाई गाउँपालिकामा स्थापना भई सञ्चालन हुन लागेको श्रम रोजगार बैकको सम्पुर्ण मूल्य मान्यता तथा नीति नियम र प्रचलित कानुनको अधिनमा रहन मञ्जुर भई यस श्रम रोजगार बैकको सदस्यता प्रदान गर्न तथा यस बैकद्धार सञ्चालन गरिने सम्पुर्ण कार्यहरुमा सक्रिय सहभागी भई कार्य गर्ने अवसर प्रदान गरिदिनुहुन यो आवेदन पेश गर्दछु ।

साथै मेरो विवरण तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छः

तपसिल

१.आवेदकको नाम

थर..........................................................................................जन्ममिति....................

नागरिता नं.................... ....................जारी मिति................................................

ठेगानाः भगवतीमाई गाउँपालिका वडा नं...................शैक्षिक योग्यताः.........................मोवाइल नं....................

बाबुको नाम थर.................................................आमाको नाम थर...............................

पतीको नाम थर,.........................................पत्निको नाम थर,.....................................बज्येको नाम थर,......................

मासिक आम्दानी अंकमा रु..........................अक्षरमा रु.............................................

बार्षिक आम्दानी अंकमा रु..........................अक्षरमा रु............................................

२.परिवारभित्रको रोजगारीको अवस्था

| क.स. | रोजगारवालाको नाम | रोजगारी दिने कार्यालय/सस्था | पद | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

३ कार्य अनुभावको विवरण(सीपमा सिकर्मी, डकर्मी, सिमेन्ट पलाष्टर, ज्यामि वा अन्य भए खुलाउने)

| क.स. | काम गरेको सस्था/कार्यालयको नाम | कामको विवरण(के काम गर्नु भएको थियो | अनुभव वर्ष/महिना | तपाईसंग भएको महत्वपूर्ण सीपहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

४ आवेदकले कुन काम गर्नमा रुचि छ उल्लेख गर्ने:
५ बैवाहिक स्थिति: बिवाहित/अविवाहित......................
बिवाहित भए छोराको संख्या र छोरीको संख्या(बिवाहा गरे छुटिएको छोरा र बिबाहित छोरीको विवरण नराख्नुहोला)

| क.स. | छोरा/छारीको नाम | उमेर | पढिरहेको भए विद्यालयको नाम/ठेगाना | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

माथि उल्लेखित सम्पुर्ण विवरण ठिक साचो हो यदी यो व्यहोरा झुठो ठहरिएमा कानून बमोजिम सहूला बुझौला ।

आवेदक
नामथर : ........................
हस्ताक्षर : ........................

| औठा छाप | |
|---|---|
| दायाँ | वायाँ |

आवश्यक कागजातहरु:
१ पासपोर्ट साइजको फोटो एक प्रति

२ नागरिएकाता प्रतिलिपि वा मतदाता नामावलीको प्रतिलिपि

३ शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

४ वडा कार्यालयले छनोट गरी पठाएको सिफारिस

५ अनुभव प्राप्त भए अनुभवको प्रमाणपत्रहरु

# अनुसुचि २

## दफा ३ को उपदफा ५ संग सम्बन्धीत

## सपथ

म ......................................भगवतीमाई गाउँपालिका र भगवतीमाई गाउँपालिकाका जनताको नाममा सपथ लिन्छुकी भगवतीमाई गाउँपालिका श्रम रोजगार बैकको सदस्यको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान, विवेक, क्षमता र सीपले जानेबुझे सम्म इमान धर्म र कर्तव्य सम्झी भगवतीमाई गाउँपालिका र श्रम रोजगार बैक प्रति बफादार रही भय, पक्षपात वा दोयष नराखि लोभ लालज मोलाहिजा नगरी अनुशासनमा रहि भगवतीमाई गाउँपालिका र श्रम रोजगार बैकको भलो चिताइ श्रमलाई उच्च सम्मान दिइ भगवतीमाई गाउँपालिकाको श्रम रोजगार बैक(सञ्चालन तथा व्यवस्थापन गर्ने) सम्बन्धी कार्यविधि, २०७६ तथा प्रचलित कानूनको व्यवस्थाको अधिनमा रही आफ्नो कर्तव्यको पालना गर्नेछु दत्तचित्त तोकिएको श्रममा सहभागी हुनेछ ।

**सपथ ग्रहण गर्नेको**
हस्ताक्षर
नाम
पद
ठेगाना

**सपथ ग्रहण गरेको प्रमाणित गर्नेको**
हस्ताक्षरः
नामः
पदः
कार्यालयः

प्रमाणिकरण मितिः इति संवत २०७६ साल.......महिना........गते.........रोज........सुभम ।

**अनुसूची ३**

**दफा ५ को उपदफा (१) सँग सम्वन्धित**

**भगवतीमाई गाउँपालिका**

**रोजगार बैंक**

कार्य प्रगति/सम्पन्न प्रतिवेदनको ढाँचा

श्रम समूहको नाम :

वडा नं. : आर्थिक वर्ष :

१. आयोजनाको वित्तीय प्रगति :

| क.सं. | आयोजनाको नाम | विनियोजन रकम | खर्च | उपलब्धी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

२. आयोजनाको भौतिक प्रगति :

| क.सं. | आयोजनाको नाम | आयोजनाको भौतिक प्रगति (प्रतिशतमा) | |
|---|---|---|---|
| | | | |

३. आयोजना संचालनमा देखिएका समस्याहरु

४. समस्या समाधानका प्रयासहरु

अनुसूची ४

दफा ६ को उपदफा (१) सँग सम्वन्धित

भगवतीमाई गाउँपालिका

रोजगार बैंक

श्रमिक ज्याला भुक्तानीको माग फारम

श्रम समूहको नाम :

वडा नं. : आर्थिक वर्ष :

| क.सं. | श्रमिकको नाम | काम गरेको दिन संख्या | दर | जम्मा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | कुल जम्मा | |

**व्यवस्थापकको नाम :**

**हस्ताक्षर :**

**नाम :**

**मिति :**

**अध्यक्षको नाम :**

**हस्ताक्षर :**

**नाम :**

**मिति :**

अनुसूची ५

दफा ७ को उपदफा (४) सँग सम्वन्धित

## योजना खरिद सम्झौता

भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालय, वेस्तडा, दैलेख (यसपछि पहिलो पक्ष भनिएको) र रोजगार बैंक, भगवतीमाई गाउँपालिकाबीच मिति २०७६। । गते .............................. योजना निर्माणको लागि देहायको शर्त अधिनमा रहि सम्झौता गरी एक/एक प्रति सम्झौता बुझि लियौं/दिऔं ।

**पहिलो पक्षले पालना गर्नुपर्ने शर्तहरु :**

१. रोजगार बैंकलाई आवश्कता अनुसार प्राविधिक सहयो उपलब्ध गराउने ।

२. आन्तरिक लेखापरीक्षणको व्यवस्था गर्ने ।

३. सहभागितात्मक अनुगमन मूल्यांकनको लागि सहयोग गर्ने ।

४. पारदर्शी तवरले लेखा राख्ने तथा नियमित रुपमा त्यसको लेखापरीक्षणको व्यवस्था गर्ने ।

५.लेखापरीक्षणबाट देखिएका अनियमितालाई नियमित गराउन आवश्यक पहल गर्ने ।

६. योजना सामाजिक परीक्षणमा भाग लिन मदत पुऱ्याउने ।

७. योजनाको प्राविधिक मूल्यांकन गर्ने गराउने ।

८. योजनामा परिचालन गरिने रोजगार बैंकका समूहलाई तालिम तथा प्रशिक्षण प्रदान गर्ने ।

९. सम्पन्न योजनाहरुको उचित मर्मत सम्भारको लागि कोष तथा व्यवस्थापन पक्षमा सहयोग गर्ने ।

१०. सम्झौतामा उल्लेख भएको म्यादभित्र रोजगार बैंक समूहले आयोजना सम्पन्न गरी सक्नुपर्नेछ । कुनै कारणवश योजना सम्पन्न हुन नसकेमा सम्पन्न हुन नसक्नाको औचित्यको आधारमा सम्झौताको म्याद थप गर्न सक्नेछ ।

११. योजनामा सहभागी श्रमिकहरुको ज्याला प्राविधिक मूल्यांकन, डोर हाजिर र रोजगार बैंकको सिफारिसको आधारमा सम्वन्धित श्रमिकको खातामा प्रविष्ट गर्नुपर्ने छ ।

१२. आयोजनामा आवश्यक निर्माण सामग्री तथा अन्य लजिष्टक सामानहरु आवश्यक खरिद प्रक्रिया पुऱ्याई रोजगार बैंकलाई उपलब्ध गराउनु पर्नेछ ।

**<u>दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरु</u>**

१. गाउँपालिकासँग भएको सम्झौता भए वमोजिम तोकिएको परिमाण, गुणस्तर र समयमा योजना सम्पन्न गर्नुपर्ने छ ।

२. श्रमिक समूहका सदस्यहरुलाई उच्च मनोवलका साथ परिचालन गरी योजना कार्यान्वयनमा प्रभावकारीता ल्याउन पर्नेछ ।

३. औजार निर्माण सामग्रीको समुचित भण्डारण र व्यवस्थापन गर्ने ।

४. आवश्यकता अनुसार श्रमिक समूह र निर्माण सामग्रीहरुको कार्ययोजना बनाई काममा लगाउने ।

५. योजना कार्यान्वयनको क्रममा आएका समस्याहरु आपसमा छलफल गरी समाधान गर्ने ।

६. सम्पन्न भएको कामको नापी एंव रकम तथा निर्माण सामग्रीहरुको आम्दानी खर्च मौज्दातको अभिलेख राख्ने ।

७. गाउँपालिका प्राविधिकहरुबाट भएको नापजाँचको आधारमा पाउने ज्याला कामदारहरुको उनीहरुको काम अनुरुप भुक्तानीको गाउँपालिकामा सिफारिस गरी पठाउने ।

८. अनुगमनकर्ता तथा आगन्तुकहरुबाट प्राप्त सुझावहरुको अभिलेख राख्ने र कार्यान्वयनमा ध्यान दिने ।

९. सम्बन्धित प्राविधिकहरुलाई योजनाको विभिन्न पक्षहरुको बारेमा अवगत गराउने र अनुगमनका लागि अनुरोध गर्ने ।

१०. नियमित रुपमा अद्यावधिक प्रगति प्रतिवेदन तयार गरी गाउँपालिकामा पठाउने ।

११. श्रमिक समूहहरुसँग मासिक रुपमा बैठक बसी नियमित रुपमा योजनाको समिक्षा तथा खर्च सार्वजनिक गर्ने ।

१२. निर्माण कार्य सम्पन्न गरी समयमै गाउँपालिकासँग योजनाको हिसाब फछ्र्यौट र फरफारक गर्ने ।

योजना सम्झौताका अन्य शर्तहरु

| योजनाको नाम | काम | | जिम्मेवार श्रमिक समूह |
|---|---|---|---|
| | सुरु गर्ने मिति | सम्पन्न गर्ने मिति | |
| | | | |

हस्ताक्षर :
नाम :
पद : अध्यक्ष
कार्यालय : रोजगार बैंक,
भगवतीमाई गा.पा.

हस्ताक्षर :
नाम :
पद : प्रमुख प्रशासकीय अधिकृत
कार्यालय : भगवतीमाई गाउँपालिका
मिति :